वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Himalayan Human Resources Nepal Pvt. Ltd.
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

## चौतारा साँगाचोकगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**चौतारा, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८०/११/३०)**

चौतारा सागाचोकगढ़ी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०८०/१०/२१ गते प्रभाब राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोल्पत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम म'ल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोल्पत्रदताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, कन्टिजेन्सी र PS बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/WORKS -14/2080/081 | Rokkatol Lift Watere Supply Project (Sarkigaun), CSGM-13 | Budathoki Nirman Sewa, Chautara, Sindhupalchok | ४४,२४,४१४।५७ |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

रूपशाला

## उपहारको 'खाडीमा भेटौंला' गीत सार्वजनिक

चलचित्र 'उपहार'को 'खाडीमा भेटौंला' गीत ओएसआर डिजिटलमार्फत मंगलबार सार्वजनिक भएको छ । सार्वजनिक गीतमा मोहन नेपालीको स्वर, अर्जुन पोखरेलको संगीत र प्रमोद ढुंगानाको शब्द छ । गीतको भिडियोमा रेखा थापा, मुकुन भुषाल र राइडर प्रशान्त फिचर्ड छन् । ज्ञानेन्द्र देउजाद्वारा निर्देशित यो फिल्म यतिबेला देशभरका हलहरूमा सफलताका साथ प्रदर्शन भैरहेको छ । रेखा फिल्मस र कपनगढी सिनेमा प्रालिको ब्यानरमा रेखा थापा प्रस्तुतकर्ता रहेको फिल्ममा रेखा थापा, पुजा शर्मा, मुकुन भुषाल, बेनिशा हमाल, तेज गिरी, समर्पणजंग कार्की, सुष्मा कार्की, शिशिर राणा, अंशु महर्जन, विनोद पौडेल, आशा भुषाल, शोभारस घिमिरे, मन्जु श्रेष्ठ, कमल भट्ट, राइडर प्रशान्त र सरिता राजोपाध्यायलगायतको अभिनय छ ।





# पुर्खाको वास्तविक घटनामा 'गोर्खा वारियर'

■ प्रभाव संवाददाता



**खोटाङ–** ब्रिटिस गोर्खा सैनिक (बेलायती सेना)ले लडाइँमा भोगेका सत्य कथामा आधारित नेपाली कथानक चलचित्र 'गोर्खा वारियर'को विशेष च्यारिटी शो दिक्तेलमा सुरु गरिएको छ ।

खोटाङकै भूमिमा जन्मिएर ब्रिटिस आर्मी (बेलायती सेना)को विमान चालक क्याप्टेन रितेश चाम्सको मुख्य भूमिकामा निर्माण गरिएको चलचित्र 'गोर्खा वारियर' यही फागुन २८ गतेदेखि चैत १ गतेसम्म दिक्तेलस्थित जिल्ला समन्वय समितिको समीक्षालय हलमा विशेष च्यारिटी शोको व्यवस्था गरिएको हो ।

दिक्तेलमा प्रदर्शन गरिएको चलचित्र गोर्खा वारियरको च्यारिटी शोको पहिलो दिन हल भरिएको आयोजक नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद्का अध्यक्ष फुर्वा शेर्पाले जानकारी दिए । चार दिनसम्म सञ्चालन हुने विशेष च्यारिटी शोअन्तर्गत हरेक दिन बिहान ११, अपराह्न २ र बेलुका ५ बजे गरी तीन शो राखिएको आयोजकले जनाएको छ ।

खोटाङकै निर्माता र खोटाङकै नायकले तयार पारेको चलचित्र गोर्खा वारियरको विशेष च्यारिटी शोअन्तर्गत पहिलो दिनको शोमा जिल्लास्थित उच्चपदस्थ व्यक्त सहभागी थिए । संविधानसभा सदस्य दुर्गाजयन्ती राई, जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राई, जिल्लास्थित स्थानीय तहका प्रमुख तथा जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिलगायतले अवलोकन गरेका छन् ।

चलचित्र गोर्खा वारियरले पुर्खाहरूले भोगेका वास्तविक घटनालाई चित्रण गरेको पाइएको संविधानसभा सदस्य एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का पोलिटब्यूरो सदस्य राईले बताए । चलचित्र गोर्खा वारियर पुर्खाका इतिहास बुझ्न भावी पुस्ताका लागि सजिलो भएको दर्शकले प्रतिक्रिया दिएका छन् ।

चलचित्र गोर्खा वारियर पुर्खाहरूको वीरताको कथा र देशभक्तिलाई केन्द्रमा राखेर निर्माण गरिएको नायक क्याप्टेन रितेशले बताए । 'चलचित्र गोर्खा वारियरमा ७० वर्षअघिको इतिहासलाई देखाउन खोजिएको छ, युद्धमा गोर्खाली सेनाले भोगेका वास्तविक कथावस्तुमा आधारित भएर चलचित्र निर्माण गरिएको हो', उनले भने, 'चलचित्रमा गोर्खाली सेनामा आबद्ध रहेकाहरूको जीवनको भोगाइ र पीडालाई समावेश गरिएको छ, चलचित्रमार्फत मौलिकपना देखाउन खोजिएको छ ।'

चलचित्र गोर्खा वारियरका लागि सोलुखुम्बुका पहाडी क्षेत्र, सर्वोच्च शिखर सगरमाथा, सिन्धुलीको दरबार क्षेत्रका साथै मलेसियामा छायांकन गरिएको छ । चलचित्र निर्देशक मिलन चाम्सले निर्देशन गरेको चलचित्र गोर्खा वारियर नेपालीले हेर्नैपर्ने चलचित्र बनेको निर्माता सुमन राईले दाबी गरे ।

चलचित्रमा नायक क्याप्टेन रितेशसँगै नायिका रेविका गरुङ, विजय लामा, कविता आले, रिअर राई, सुरज तमु, भुवनसिं राई, त्रिछु राई, दिग्गज खत्रीलगायत कलाकारको अभिनय छ । चलचित्र गोर्खा वारियर ब्रिटिस एकेडेमी फिल्म एन्ड टेलिभिजन अवार्ड (बाफ्टा) मा पहिलो चरणमा छनोट भएको चलचित्र हो ।

गोर्खालीको इतिहास, बहादुरी, हाम्रा पुर्खाले भोगेको दुःख कष्ट र त्यसबेलाको नेपालको परिवेश झल्किने गरी चलचित्र गोर्खा वारियर निर्माण गरिएको निर्देशक मिलनले बताए । 'विगतमा नेपालीहरूले गोर्खा लाहुरे हुनुपर्ने बाध्यतालाई चलचित्रको विषयवस्तु बनाइएको छ, चलचित्र गोर्खा वारियरमा अभिनय, कला र मार्सलआर्टसमेत समेटिएको छ', उनले भने, 'चलचित्र गोर्खा वारियर नेपाली चलचित्र इतिहासमै सबैभन्दा बढी लगानीमा तयार भएको चलचित्र हो, चलचित्र गोर्खा वारियरमा लगानी गरेअनुसार दर्शकको मन जित्न पनि उत्तिकै सफल भएको छ ।'

लन्डनको आइम्याक्स सिनेमा घरमा प्रिमियर शो गरिएको चलचित्र गोर्खा वारियर फागुन ११ गतेदेखि देशभर प्रदर्शन भइरहेको जनाइएको छ । चलचित्र गोर्खा वारियर हङकङ, अमेरिका, दक्षिण कोरियालगायत ठाउँमा विशेष प्रिमियर शो गर्ने तयारी गरिएको निर्माता राईले जानकारी दिए ।

# पोस्टरमा 'द रेड सुटकेस'

■ प्रभाव संवाददाता

**काठमाडौं–** एक महिनापछि अर्थात आगामी ३० चैतमा रिलिज हुने नेपाली चलचित्र 'द रेड सुटकेस'को फस्ट लुक्स (पोष्टर) सार्वजनिक गरिएको छ । मंगलबार रिलिज गरिएको फस्ट लुक्समा चलचित्रमा मुख्य कलाकार अभिनेताद्वय सौगात मल्ल, विपिन कार्की र अभिनेत्री सृष्टी श्रेष्ठको भूमिका रहनेछ ।

पहाडी क्षेत्रको राजमार्ग (घुम्तीबाटो) लाई द रेड सुटकेसको फस्ट लुक्समा देखाइएको छ । पोष्टरमा अभिनेत्री सृष्टी श्रेष्ठ ग्रामिण महिलाको भूमिकामा छिन् । यस्तै सौगात मल्ल र विपिन कार्की पनि कामकाजी युवाको रूपमा देखिएका छन् । पोष्टरमा कलाकारको ग्लामरता भन्दा पनि पात्रको यर्थाथतालाई महत्व दिइएको छ ।

नयाँ वर्ष २०८१ को अवसर पारेर रिलिज गरिने यो चलचित्रमा यी तीन कलाकारसँगै प्रविन खतिवडा पनि मुख्य भूमिकामा छन् । द रेड सुटकेशलाई फिडेल देवकोटाले निर्देशन गरेका हुन् । गत सेप्टेम्बरमा भेनिस फिल्म फेस्टिबलमा वर्ल्ड प्रिमियर भएको यो चलचित्रले फेस्टिभलमा दुई महत्वपूर्ण अवार्ड हासिल गरेको थियो । यस्तै संसारकै पुरानोमध्ये एक मानिने जर्मनीको म्यानहाइम हाइडेलवर्ग इन्टरनेसनल फिल्म फेस्टिभल, स्वीजरल्याण्डको जुरिच फिल्म फेस्टिभल, भारतको मुम्बई फिल्म फेस्टिभल आदि ठाउँमा पनि यो चलचित्र छनौट भएको छ ।

चलचित्रको बारे निर्देशक फिडेलले यो चलचित्रबारे भने, 'द रेड सुटकेस मध्यम तथा न्युन बर्गिय नेपाली समाजका युवाहरूको बर्तमान कथा हो । मिथक, नेपालको आप्रवासी परम्परा र नियतिलाई पृष्ठभूमिमा राखेर यो चलिचत्रको कथा हामीले बुनेका हौं ।'

अघिल्लो चलचित्र 'ऐना झ्यालको पुतली' निर्माण गरेका रामकृष्ण पोखरेलले यो चलचित्र निर्माण गरेका हुने । द रेड सुटकेश पनि 'ऐना झ्यालको पुतली'जस्तै मौलिक कथामा तयार गरिएको निर्माता पोखरेलले बताएका छन् । श्रीलंकामा प्राविधिक काम गरिएको द रेड सुटकेसमा शोभा थापा निर्माता र श्रीलंकाकै विमुक्ति जयसुन्दरा सह-निर्माताको रूपमा रहेका छन् ।






त्रिकोणात्मक टी-२० सिरिज

# नेपाल र पपुवान्यूगिनीबीच उपाधि भिडन्त

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिकोणात्मक अन्तर्राष्ट्रिय टी-२० शृंखलाअन्तर्गत भएको दोस्रो खेलमा पपुवा न्युगिनीले हङकङलाई पराजित गर्दै फाइनलमा नेपालसँगको भेट पक्का गरेको छ । त्यस्तै पहिलो खेलमा पपुवा न्युगिनीलाई ८५ रनले हराउँदै नेपाल फाइनलमा पुगेको थियो ।

हङकङको मोङकोकस्थित मिसन रोड क्रिकेट मैदान भएको दोस्रो खेलमा पपुवा न्युगिनीले घरेलु टोली हङकङलाई १० विकेटले पराजित गऱ्यो ।

जितसँगै पपुवा न्युगिनीले दुई खेलमा दुई अंक जोड्यो । हङकङ समान खेलबाट एक अंकका साथ फाइनल पुग्नबाट बञ्चित भयो । साथै दुई खेल खेलेको नेपालले तीन अंक जोड्को छ । यसअघि भएको नेपाल र हङकङबीचको पहिलो खेल वर्षाका कारण रद्ध भएको थियो । फाइनल खेल आज (बुधबार) हुनेछ ।

हङकङले जितका लागि दिएको एक सय २२ रनको लक्ष्य पपुवा न्युगिनीले १२ दशमलव चार ओभरमा कुनै विकेट नै नगुमाइ पूरा गऱ्यो । पपुवा न्युगिनीका लागि सेसे बाउले ४३ बलमा चौका छ चौका र एक छक्काको मद्दतमा अविजित ६१ रनको योगदान दिए । त्यसैगरी टोनी उराले ३३ बलमा पाँच चौका र दुई छक्काको मद्दतले अविजित ५१ रन बनाए ।

टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हङकङले १८ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै एक सय २१ रनको योगफल बनाएको थियो ।

हङकङका लागि जिसन अलीले २९ बलमा छ चौका र एक छक्काको मद्दतले ५५ रन बनाए । नस्रुला राना र एहसान खानले समान १६/१६ रन जोडे भने बाबर हायतले १२ रन बनाए । पपुवा न्युगिनीका काबुआ मोरिया, अली नाओ, कप्तान असाद भाला र सेसे बाउले समान दुई /दुई विकेट लिए ।

# राष्ट्रिय फुटबल टिम घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय फुटबल टिमको घोषणा गरिएको छ । मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले आयुश घलान सहितका स्टार खेलाडीलाई बाहिर राख्दै विश्वकप छनोट अन्तर्गत बहराईनविरुद्धको टिम घोषणा गरेका छन् । आयुश घलान पछिल्लो समय घरेलु र अन्तराष्ट्रिय फुटबलमा सबैभन्दा बढी प्रभावशाली प्रर्दशन गर्दै आईरहेका खेलाडी हुन् । पछिल्लो घरेलु प्रतियोगिताको रूपमा नेपाल सुपर लिगदेखि मैत्रीपूर्ण फुटबल हुँदै विश्वकप छनोट अन्तर्गतकै राष्ट्रिय टिममा उनी मुख्य खेलाडीको रूपमा प्रभाव देखाउने गरेका थिए ।



घरेलु फुटबलका उत्कृष्ट प्रर्दशन गरिरहेका केही खेलाडी भिन्सेन्जोको टिममा छैनन् । जसमा घलान सहित दीप कार्की, देबेन्द्र तामाङ लगायतका खेलाडी छन् । भारतबाट ब्यवसायीक फुटबल खेलिरहेका एरिक विष्ट लगायतका खेलाडीलाई समेत राष्ट्रिय टिम बाहिर राखिएको छ । भिन्सेन्जोले घोषणा गरेको टिममा किरण लिम्बु, अभिषेक बराल, बिशाल सुनार गोलकिपरमा छन् । डिफेन्डरमा अभिषेक लिम्बु, अजय चौधरी, अनन्त तामाङ, छिरिङ लामा, सनिस श्रेष्ठ, सौभाग्य राई र सुमित श्रेष्ठ छन् । मिडफिल्डमा भरत खवास, बिशाल बस्नेत, लकेन लिम्बु, मणीकुमार लामा, मनिष डाँगी, रोहन कार्की र उत्सव राई छन् ।

फरवार्डमा अन्जन विष्ट, दिनेश हेन्जन, हिसब थपलिया, समिर तामाङ, सञ्जिव विष्ट, जिलेस्पीजग कार्की छन् ।

नेपालले चैतको पहिलो साता बहराईनसँग विश्वकप छनोटको दोस्रो चरणको म्याच खेल्ने तालिका छ । सो खेलको तयारीका लागि बुधबार नेपाली टिम मलेसिया उड्ने छ । मलेसियामा नेपालले विश्वकप छनोटको तयारी स्वरूप मैत्रीपूर्ण फुटबल म्याच खेल्नेछ ।

## फार वेस्ट गौरीगंगा गोल्डकपको फाइनलमा

**धनगढी (प्रस)–** फार वेस्ट गौरीगंगा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । मंगलबार आयोजक गौरीगंगा ११ लाई पराजित गर्दै फार वेस्ट प्रतियोगिताको फाइनल प्रवेश गरेको हो ।

निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएपछि निर्णय टाईब्रेकरमा गरिएको हो । जसमा फार वेस्ट ३-१ ले विजयी बन्यो । फार वेस्टका लागि बिबेक शाही, दीपेश ओली र पवन थापाले गोल गरेका थिए । रोहित बोहोरा र शिशिर केसी पेनाल्टीमा गोल गर्न चुके । गौरीगंगाका सुरज गुरुङको प्रहारमात्र सफल बन्यो । निर्मल बल, हरीश भट्ट र टोप विष्ट पेनाल्टीमा असफल भए ।

फार वेस्टका गोलकिपर अमानत शेख म्यान अफ द म्याच घोषित भए । अब फार वेस्टले उपाधिका लागि बिहीबार स्टार सिटी ब्वाईज क्लबसँग प्रतिस्पर्धा गर्नेछ ।

गौरीगंगा ११ स्पोर्ट्स क्लबले आयोजना गरेको प्रतियोगिताको विजेताले ६ लाख र उपविजेताले ३ लाख रूपैयाँ प्राप्त गर्नेछ । विधागततर्फका उत्कृष्ट खेलाडीले जनही १५ हजार र सर्वोत्कृष्ट खेलाडीले ५० हजार रूपैयाँ प्राप्त गर्ने आयोजक क्लवका अध्यक्ष दिनेश कलेलले बताएका छन् ।

**Invitation for Bids**

**Sanibheri Rural Municipality**

**Office Of the Rural Municipal Executive**

**Simli, Rukum West.**

**INVITATION FOR BIDS NO: SQ/SRM/GOODS/02/2080/081**

***First Date of publication: 2080-11-30***

**Sanibheri Rural Municipality** invites electronic Sealed Quotations from Nepalese eligible bidders for the following Goods.

| Contract Number | Description Of works | Bid | Estimated Amount (Without VAT) | Bid Security Amount | Bid Validity Period | Bid Security Validity Period | Deadline for Submission of bid | Opening Of Bid |
|---|---|---|---|---|---|---|---|---|
| SQ/SRM/Goods /02/2080/081 | Fabrication and Supply Of Steel Parts (D-Type Bridge) Of Ramrikhola Sanibheri-4 | Rs.1000 | Rs.1045333.54 | Rs. 30000 | 45 days | 75 days | 2080/12/15 12:00 hrs | 2080/12/15 13:00 hrs |

Information to deposit the cost of bidding document Fee in Bank:
Name of the Bank: Laxmi Sunrise Bank Ltd.
Office Code No. : 801065906
Rajaswa (revenue) Shirshak No. : 14229
Name of Account: Sanibheri Rural Municipality
Office Account No.: 077530787703009

Information to deposit the cost of Bid Security Fee in Bank:
Name of the Bank: Laxmi Sunrise Bank Ltd.
Office Account No.: 077530787703004
Name of Account: Dharauti A/C Sanibheri Rural Municipality

**Chief Administrative Officer**

# अमेरिकी प्रतिबन्धबाट भेनेजुएलालाई ७०० अर्ब डलरको घाटा

**काराकस-** अमेरिकी प्रतिबन्धबाट भेनेजुएलालाई कूल गार्हस्थ उत्पादनमा झण्डै ७०० अर्ब अमेरिकी डलरको नोक्सानी भएको उपराष्ट्रपति डेल्सी रोड्रिग्वेजले सोमबार बताएका छन् ।

प्रतिबन्धका कारण भेनेजुएलाको तेल उद्योगले करिब २३२ अर्ब डलरको नोक्सानी बेहोरेको छ । साथै अन्तर्राष्ट्रिय बैंकहरूमा रहेको भेनेजुएलाको २२ अर्ब डलरभन्दा बढीको सम्पत्ति पनि रोक्का गरिएको उपराष्ट्रपतिले बोलिभियाली सहर सान्ता क्रुज डे ला सिएरामा आयोजित अन्तर्राष्ट्रिय गोष्ठीमा उल्लेख गरेका छन् ।

सन् २०२३ अक्टोबरमा सरकार र भेनेजुएलाका विपक्षी दलहरूबीच भएको बार्बाडोस सम्झौतामा अमेरिकाले प्रतिबन्ध हटाउने सहमति भएता पनि पालना नभएको उनको गुनासो छ । उक्त सम्झौताले 'जनरल लाइसेन्स ४४' का नामले चिनिने राहत भेनेजुएलालाई उपलब्ध भएको भएता पनि राष्ट्रपति निकोलस मादुरोले विपक्षी दलबाट राष्ट्रपतिको उमेदवारको दौडमा रहेका नेतालाई चुनावमा अगाडि बढ्न प्रतिबन्ध लगाएपछि बाइडेन प्रशासनले भेनेजुएलामाथि पुनः प्रतिबन्ध लगाएको थियो ।

अमेरिकाको पछिल्लो कदम विपक्षी नेतालाई राष्ट्रपतिको उम्मेदवार हुनबाट प्रतिबन्ध लगाउने मादुरोको निर्णयको प्रतिक्रियामा आएको थियो । उक्त गोष्ठीलाई सम्बोधन गर्दै उपराष्ट्रपति रोड्रिग्वेजले अमेरिकी एकपक्षीय नीतिहरूलाई ध्यानमा राख्दै अब ल्याटिन अमेरिकालाई 'अनिवार्य रूपमा' नयाँ वित्तीय संरचना चाहिएको बताएका छन् ।

'यदि हामी नयाँ वित्तीय संरचनाको बारेमा सोच्न चाहन्छौं भने हामीले आफ्नै मुद्रामा व्यापार गर्नुपर्दछ,' उनले भने । *रासस/सिन्हवा*

# अस्ट्रेलियाका आदिवासी समुदायका लागि आवास योजना

**क्यानबेरा-** अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले आदिवासी समुदायका निम्ति नयाँ घर निर्माण गर्न अर्बौं डलरको नयाँ कोषको योजना घोषणा गरेका छन् ।

अल्बानिजले मंगलबार संघीय र उत्तरी क्षेत्र (एनटी) सरकारबाट उत्तरी क्षेत्र भरिका दुर्गम समुदायका लागि आवास निर्माण गर्न चार अर्ब अस्ट्रेलियन डलर (२.६ अर्ब अमेरिकी डलर) को संयुक्त लगानी कोष घोषणा गरेका छन् ।

यस योजनाअन्तर्गत सरकारले सन् २०१८ यता ७३ वटा दुर्गम क्षेत्रका समुदायका लागि ६५० वटा घर निर्माण गरेको छ । यही कार्यक्रमको निरन्तरता अन्तर्गत प्रत्येक वर्ष २७० वटा नयाँ घर निर्माण हुने अनुमान गरिएको छ ।

'आजको घोषणाले दुर्गम समुदायको आवासको अवस्थामा सुधार ल्याउने र आदिवासी र गैरआदिवासी अस्ट्रेलियालीबीचको खाडल कम गर्न मद्दत गर्ने छ,' अल्बानिजले घोषणा कार्यक्रममा भनेका छन् ।

उक्त कोषमा आधाभन्दा बढी लगानी संघीय सरकारबाट प्राप्त हुने छ भने १२ करोड अस्ट्रेलियाली डलर एनटी सरकारको हुने छ । *रासस/सिन्हवा*

# सिंगापुरमा एक महिनामै पुगे १४ लाख पर्यटक

**सिंगापुर-** सिंगापुरमा एक महिनामै १४ लाखभन्दा बढी पर्यटक भ्रमणका लागि पुगेको तथ्यांक सार्वजनिक भएको छ । गत फेब्रुअरी महिनामा झण्डै साढे १४ लाख पर्यटकले सिंगापुर भ्रमण गरेका हुन् ।

सिंगापुर टुरिजम बोर्ड (एसटिबी)ले जारी गरेको पछिल्लो तथ्यांकअनुसार फेब्रुअरी महिनामा १४ लाख ४४ हजार पर्यटकले सिंगापुर भ्रमण गरेका छन् । यसमा सबैभन्दा बढी चिनियाँ पर्यटक छन् । कूल तीन लाख २७ हजार चिनियाँ पर्यटकले यस अवधिमा सिंगापुरको भ्रमण गरेका छन् ।

चीनपछि इन्डोनेसिया, मलेसिया, अस्ट्रेलिया र बेलायतबाट क्रमशः धेरै पर्यटक यहाँ आइपुगेको तथ्यांक छ । चीन र सिंगापुरले फेब्रुअरीमा आपसी ३० दिने भिसामुक्त यात्रा लागू गरेका थिए । जसको प्रभाव चिनियाँ पर्यटक आगमनमा देखिएको हो ।

एसटिबीले यस वर्ष अन्तर्राष्ट्रिय आगन्तुकको आगमन एक करोड ५० लाखदेखि एक करोड ६० लाख पुग्ने अनुमान गरेको छ । *रासस/सिन्हवा*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LUKMA ALAFIYA RESTAURANT CO

पूर्व स्वीकृति मिति २०८०/०६/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२९ | LT No :292746 | चलानी नं. ६०२०७९४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 5 | 0 | 117 | ५०,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 9 | 0 | 110 | ४७,३१० | | | | | | | |
| 3 | Cook/chef Assistant | 5 | 0 | 150 | ६४,५१५ | | | | | | | |
| 4 | Driver | 5 | 0 | 150 | ६४,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ७ गते (20th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASALA AL JAZEERA CEMENT PRODUCTS FACTORY

पूर्व स्वीकृति मिति : २०८०/११/२९ | LT. No. 301398 | चलानी नं.:६०२१६३२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Mecanic | 2 | 0 | 1800 | ६३,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,५८५ | | | | | | | |

कम्पनी : FAISAL FAHD HUSSEIN AL-KARI TRANSPORT COMPANY IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/११/२९ | LT. No. 301433 | चलानी नं.:६०२१६३३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : WORLD LEGENDS CONTRACTING COMPANY IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/११/२९ | LT. No. 301434 | चलानी नं.:६०२१६३३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

कम्पनी : VISI L.A SECURITY FORCE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२९ | LT. No. 277497 | चलानी नं. ६०१९३१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 22 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ७ गते (20th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.  श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS (AYADI)L.L.C.

पूर्व स्वीकृति मिति : २०८०/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२९ | LT. No. 292508 | चलानी नं. ६०२०७६७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fabricator | 10 | 0 | 1200 | ४३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 50 | 0 | 800 | २८,९१५ | | | | | | | |
| 3 | Mason | 100 | 0 | 1200 | ४३,३७५ | | | | | | | |
| 4 | Shuttering Carpenters | 30 | 0 | 1200 | ४३,३७५ | | | | | | | |
| 5 | Steel Fixer | 100 | 0 | 1200 | ४३,३७५ | | | | | | | |
| 6 | Welder | 10 | 0 | 1200 | ४३,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ७ गते (20th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०५०/०७३/०७४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMED DAKHEL AL-HAZMI CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०८०/११/२९ | LT. No. 297613 | चलानी नं. ६०२१६३४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ७ गते (20th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३३६/०५९/०६०

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JADEEL SHOP TO SERVE DRINKS

पूर्व स्वीकृति मिति: २०८०/१०/२७ | LT. No. 301260 | चलानी नं. ६०२१६३१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ७ गते (20th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ishan Overseas Pvt. Ltd.  श्रम इजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THRIVE SECURITY AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०८०/११/२९ | LT. No. :301458 | चलानी नं. ६०२१६३०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 1100 | ३९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guards | 10 | 0 | 1200 | ४३,२८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ७ गते (20th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०५/०७४/०७५

All Asia Overseas Pvt.Ltd
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NASHMA AL JAMAL CLEANING SERVICES

पूर्व स्वीकृति मिति: २०८०/११/२९ | LT. No.301480 | चलानी नं. ६०२१६३४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 0 | 1000 | ३६,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

कम्पनी : RIVIERE MINERAL WATER DESALINATION & FILLING FACTORY LLC

पूर्व स्वीकृति मिति: २०८०/११/२९ | LT. No.300992 | चलानी नं. ६०२१६३२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 5 | 0 | 1000 | ३६,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | machine tool operator | 10 | 0 | 1500 | ५४,११० | | | | | | | |
| 3 | Water Sales Person | 10 | 0 | 1000 | ३६,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ७ गते (20th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Advance Recruitment Service Pvt. Ltd.  श्रम इजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069


# Nepalgunj Sub-Metropolitan City Office

## Nepalgunj, Banke

## Invitation for Bids

Date of Publication:- 2080-11-30 (2024-03-13 AD)

1. Nepalgunj Sub-Metropolitan City Office Nepalgunj, Banke invites single stage Single envelope electronic bid from eligible bidders for the Construction of following works under National Competitive Bidding Procedure.

| S.N. | Contract ID. No | Description of Work | Estimated Amount (Without VAT, Contingency And PS) NRs. | Bid Security Amount (NRs) | Bidding Document Fee (NRs) | Bid Validity /Bid Security validity period | Last Date and Time of Bid Submission | Date And Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | NSMC/SQ/ W04/080/81 | Drain and Road Construction work, Nepalgunj-20, Banke | 17,53,641.39 | 50,000.00 | 1,000.00 | 45 days/75 days from the last date of bid submission | 2080/12/15BS (2024-03-28AD) 12:00 Noon | 2080/12/15 BS (2024-03-28 AD) 2:00 PM, NSMC Office |

2. Account No. for Bid document Purchase

| Bank | Office Name | Revenue Account Number | Office Code |
|---|---|---|---|
| Rastriya Banijya Bank Ltd | Nepalgunj Sub Metropolitan Office, Banke | Nepalgunj U.Ma.Na.Pa(Ga-1-1)-Aantarik 4130100301010002 | 1126165 |

3. Eligible bidders may obtain further information from (www.bolpatra.gov.np.egp) Website of Public procurement monitoring Office (PPMO)

**Chief Administrative Officer**


प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १२६००० | प्रति तोला – १२५४०० | प्रति तोला – १४८५ |

## अर्थमन्त्री पुन र एडिबी निर्देशकबीच भेटवार्ता



■ प्रभाव संवाददाता

**काठमाडौं–** एसियाली विकास बैंक (एडिबी) को नेपालका लागि देशीय निर्देशक आर्नो कोशवाले अर्थमन्त्री वर्षमान पुनसँग शिष्टाचार भेट गरेका छन् ।

अर्थ मन्त्रालयमा मंगलबार भएको भेटमा द्विपक्षीय साझेदारी मजबुत बनाउने र सम्भावित आयोजनामा लगानीका लागि थप सहकार्य गर्ने विषयमा छलफल भएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ । भेटका क्रममा निर्देशक कोशवाले एडिबीको लगानीमा निर्माण भएर पहिरोका कारण क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजनाको सुरुङको पुन : डिजाइनको काम अन्तिम चरणमा रहेको जानकारी दिए ।

विश्व बैंकसँगको वित्तीय साझेदारीमा एडिबीले निर्माण गर्न चाहेको जलासययुक्त दूधकोशी जलविद्युत् आयोजना र माथिल्लो अरुण जलविद्युत् आयोजनाको काम चाँडै सुरु हुने विश्वास पनि उनले व्यक्त गरे ।

जवाफमा अर्थमन्त्री पुनले प्रमुख विकास साझेदार एडिबीले नेपालका महत्वपूर्ण विकास आयोजनामा गरेको सहयोगका लागि धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत समझदारीपूर्ण सहकार्य हुने आशा व्यक्त गरे । दूधकोशी र माथिल्लो अरुण जलविद्युत् आयोजनाको काम सकेसम्म छिटो अघि बढाउने प्रतिबद्धता पनि उनले जनाए ।

नेपालका दुई ठूला विकास साझेदार विश्व बैंक र एसियाली विकास बैंकले एकै आयोजनामा लगानी साझेदारी गर्न गइरहेकोमा पनि अर्थमन्त्री पुनले खुसी व्यक्त गरे । 'दूधकोशी जलाशययुक्त र माथिल्लो अरुण नदी प्रवाहमा आधारित ठूला आयोजनामध्येका हुन् । म ऊर्जामन्त्री छँदा सुरु भएका यी आयोजनालाई प्राथमिकतामा राखेकामा एडिबीलाई धन्यवाद दिन चाहन्छु', अर्थमन्त्री पुनले भने ।

नेपालमा विकास बजेट कम खर्च हुने समस्या रहेको उल्लेख गर्दै अर्थमन्त्री पुनले त्यसमा सुधार गर्न क्षमता अभिवृद्धि र जनशक्ति विकासमा कार्ययोजना बनाएर काम गर्न लागेको जानकारी दिए । युवा वर्ग लक्षित रोजगारीका कार्यक्रम ल्याउने तथा निजी क्षेत्र र आमजनतामा आशा जगाउने गरी काम गर्ने आशा पनि उनले व्यक्त गरे । अर्थमन्त्री पुनले नेपालमा लगानी बढाउन पनि एडिबीलाई आग्रह गरेका छन् ।

## अर्थतन्त्रलाई लयमा फर्काउने प्रयासमा थिएँ : डा. महत

■ प्रभाव संवाददाता



**ललितपुर–** निवर्तमान अर्थमन्त्री डा प्रकाशशरण महतले संकटमा रहेको अर्थतन्त्रलाई अर्थमन्त्रीका हैसियतले आफूले अथक प्रयासका साथ लयमा फर्काउने प्रयास गरेको बताएका छन् । कांग्रेस केन्द्रीय कार्यालय ललितपुरमा पत्रकार सम्मेलन गरी नेपाली कांग्रेसका प्रवक्ता समेत रहेका डा. महतले अर्थतन्त्रका सूचकहरू नकारात्मक नरहेका र यसका लागि आफूले मेहनत गरेको पनि प्रष्ट पारे ।

'मैले अर्थमन्त्रीको जिम्मेवारी सम्हाल्दा मुलुकको अर्थतन्त्रको अवस्था शिथिल थियो, मेहनतका साथ लयमा ल्याएका थियौं । नेपाल राष्ट्र बैंक, एसियाली विकास बैंक (एडिबी) र विश्व बैंकलगायतले प्रकाशित गरेका तथ्यांकबाट पनि यो स्पष्ट हुन्छ', उनले भने, 'अर्थमन्त्रीको जिम्मेवारी लिंदा मूल्यवृद्धि आठ दशमलव पाँच प्रतिशत रहेकोमा अहिले त्यो पाँच प्रतिशतमा सीमित छ ।'

डा. महतले अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि मौद्रिक नीति खुकुलो बनाइएकाले पछिल्लो समय बैंकको ब्याजदर घट्दै गएको बताए । 'कसिलो मौद्रिक नीतिलाई खुकुलो बनाएपछि बैंकको ब्याजदर घट्दो छ भने लगानीको वातावरण पनि बन्दै गएको छ', उनले भने, 'अर्थतन्त्र सकारात्मक लयमा रहेका कारण पुँजीबजार, घरजग्गाको कारोबार र पर्यटन व्यवसायले गति लिएको छ ।' उनले गत आर्थिक वर्षको तुलनामा राजस्व संकलन १० प्रतिशतले बढ्नु सन्तोषजनक रहेको पनि बताएका थिए ।

डा. महतले न्यून बजेट विनियोजनमा बहुवर्षीय ठेक्का दिने चलनले बजेटरी प्रणालीमा समस्या सिर्जना गरेको उल्लेख गर्दै राजस्व मुलुक र जनताको प्राथमिकतामा मात्रै खर्च गरिनुपर्छ भन्ने मान्यता स्थापित गरेको बताए । उनले सरकारमा रहँदा सुशासन र मितव्ययितालाई ध्यानमा राख्दै काम गरेको उल्लेख गरे ।

उनले आगामी वैशाखमा हुने लागानी सम्मेलनमा धेरै लागानीकर्ता लगानी गर्न तयार रहेको बताउँदै उक्त सम्मेलनमार्फत धेरैभन्दा धेरै वैदेशिक लगानी भित्र्याउने गरी आफूले काम गरेको दाबी गरे । पुँजीगत खर्चको प्रभावकारिता बढाउन, बजेट प्रणालीमा सुधार ल्याउन, रु तीन करोडभन्दा कम बजेटका आयोजना प्रदेश र स्थानीय तहले नै गर्न दिने गरी काम गरिरहेका थियौं भन्दै डा महतले वैदेशिक लगानी भित्र्याउन कानुन परिमार्जनको काम अगाडि बढाएको उल्लेख गरे ।

अर्को एक फरक प्रसङ्गमा उनले नेपाली कांग्रेस तत्कालीन सत्तागठबन्धनकै पक्षमा रहेको र कांग्रेसको महासमिति बैठकले पनि सोही गठबन्धनलाई निरन्तरता दिने नै निर्णय गरेको प्रतिक्रिया दिए ।

## तीन कृषकलाई राष्ट्रपति उत्कृष्ट पुरस्कार

**बागमती (प्रस)–** कृषिक्षेत्रको उत्पादन र विकासमा उल्लेखनीय कार्य गरेवापत मकवानपुरका तीनजना कृषकलाई राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारवाट हेटौंडामा आयोजित एक कार्यक्रमबीच सम्मान गरिएको छ । पशुसेवा कार्यालय मकवानपुर हेटौंडाद्वारा आयोजित कार्यक्रममा थाहा नगरपालिका-७ डाँडावासका इमानसिंह थिङ, मनहरी गाउँपालिका-७ रमौलकी मुना अर्याल तथा हेटौंडा वडा नं -१७ का झम्कनाथ सुवेदीलाई सो पुरस्कारबाट सम्मानित गरिएको हो ।

उक्त पुरस्कारको राशि जनही रु २५ हजार नगद तथा प्रशंसापत्र रहेको छ । सम्मानित थिङले डाँडावास कृषि प्रालिमार्फत् बाख्रा तथा तरकारी खेती, अर्यालले रवि व्यावसायिक कृषि फार्ममा कागती तथा ड्रागन खेती तथा सुवेदीले विविआर एग्रो प्रालिबाट वोयर जातको बाख्राको पालन गर्दै आएका छन् ।

## नेप्से परिसूचकमा ५८ अंकको वृद्धि

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको वृद्धि देखिएको छ । मंगलबार नेप्से परिसूचक ५८ दशमलव ५८ अंकले बढेर दुई हजार एक सय ११ दशमलव २४ अंकमा कायम भएको छ । करिब एक महिनापछि नेप्से परिसूचक दुई हजार एक सयको बिन्दु नाघेको छ ।

विभिन्न तीन सय पाँच कम्पनीका एक करोड छ लाख नौ हजार पाँच सय ९७ कित्ता सेयर ८२ हजार सात सय ४६ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ५५ करोड १६ लाख ३२ हजार तीन सय ४७ बराबरको कारोबार भएको छ ।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जीवन बीमा समूह पाँच दशमलव ४४, लघुवित्त समूह पाँच दशमलव ०५ र होटल तथा पर्यटन समूह तीन दशमलव ९३ प्रतिशतले बढेको छ । बैंकिङ तीन दशमलव १०, विकास बैंक दुई दशमलव १७, वित्त समूह दुई दशमलव २९, जलविद्युत् शून्य दशमलव ९९, लगानी समूह एक दशमलव ८७ र उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ३४ प्रतिशतले बढेको छ । म्युचुअल फन्ड एक दशमलव ५५, निर्जीवन बीमा तीन दशमलव १५, व्यापार एक दशमलव ६९ र अन्य समूह एक दशमलव ६४ प्रतिशतले बढेको छ ।

साथै पाँचवटा लघुवित्त कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड, विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड र जालपा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । हिमालयन ८०-२० को सेयर मूल्य सबैभन्दा धेरै दुई दशमलव ५७ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु ३७ करोड १९ लाख ३३ हजार सात सय ८६ बराबरको छ लाख ७३ हजार सात सय छ कित्ता किनबेच भएको छ ।

## नवलपुरका पहाडी क्षेत्रमा बढ्दै कफीखेती

**मध्यविन्दु (नवलपरासी) –** नवलपरासी (बर्दघाट सुस्तापूर्व)को बौदीकाली गाउँपालिकाका कमला गुरुङले चार वर्षदेखि कफीखेती गर्दै आएकी छिन् । व्यावसायिक रूपमा आफ्नै पाखापखेरामा करिब तीन सय कफीका बिरुवा लगाएकी उनी राम्रो आम्दानी गर्न सफल भएकी छिन् । विगतको भन्दा यस वर्ष कफीखेती राम्रो रहेकाले यस वर्ष आम्दानी पनि बढ्ने अनुमान गरेको गुरुङले बताइन् ।



'पहाडी क्षेत्रमा कफीखेती राम्रो हुन्छ भन्ने सुनेका थियौँ, पछि थोरै संख्यामा बिरुवा लगाएर विचार गर्दा राम्रो उत्पादन भएपछि अहिले यसैलाई व्यावसायिक रूप दिएका छौँ,' उनले भनिन् । जिल्लाकै हुप्सेकोट गाउँपालिकाका तुलीसरा राना मगरले पनि दुई सय कफीका बिरुवासहित कफीखेती गरेकी छिन् । पहाडी क्षेत्रको त्यो पनि चिसो ठाउँमा कफी लगाउन सकिने र कफीबाट मनग्य आम्दानी समेत लिन सफल भएपछि आगामी वर्ष आफूले कफी खेती विस्तार गर्ने योजना रहेको उनको भनाइ छ ।

'कफीखेती विस्तार हुने क्रम बढ्दो छ, यसको बजार राम्रो भएकाले अन्य छिमेकी पनि यसका बारेमा सोधखोज गर्न थालेका छन्', उनले भनिन्, 'अहिले गरिरहेको क्षेत्रलाई विस्तार गरी काम गर्ने सोच बनाएका छौँ ।' नवलपरासी (बर्दघाट सुस्तापूर्व)को पहाडी भेगका गाउँमा कमला र तुलीसरा जस्तै कफीखेती गर्ने किसान बढ्दै गएका छन् । सामान्य कफीखेतीबाट सुरु गरेका किसानले अहिले व्यावसायिक रूपमा खेती गर्न थालेका छन् । यसको उत्पादनसमेत राम्रो हुँदै गएकाले कफीखेतीतर्फ दिनप्रतिदिन आकर्षित बन्दै गएको किसान बताउँछन् ।

जिल्लाको हुप्सेकोट, बुलिङटार र बौदीकाली गाउँपालिकामा अहिले किसान कफीखेतीतर्फ आकर्षित हुन थालेको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए । 'जिल्लामा करिब पाँच सय किसानले ११ हेक्टरमा व्यावसायिक कफीखेती गर्दै आएको तथ्यांक छ', उनले भने, 'यहाँ प्रतिहेक्टर शून्य दशमलव आठ मेट्रिकटन कफी उत्पादन हुने गरेको छ ।'

कफीखेती प्रवर्द्धनका लागि सरकारले विभिन्न सहुलियतका कार्यक्रमसहित निर्यात प्रवर्द्धन गर्ने योजना अगाडि बढाएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव भक्तराज जोशीले बताए । राष्ट्रिय चिया तथा कफी विकास बोर्डकाले स्थानीय तहसँग सहयोग र समन्वयका साथ उत्पादन अभिवृद्धिका कार्यक्रम अगाडि बढाउन आवश्यक रहेको उपसचिव जोशीले सुझाव दिए ।

'स्थानीय तहसँग सहकार्य गर्दा नेपाली कफीको उत्पादन बढाउन सहज हुने देखिन्छ', उनले भने, 'पहाडी गाउँमा कफीखेतीतर्फ किसानको आकर्षण बढ्दो छ ।' नेपालमा ४२ जिल्लामा करिब तीन हजार छ सय ५५ हेक्टरमा कफीखेती हुने गरेको छ । आर्थिक वर्ष २०७९/८० मा नेपालमा कफीको उत्पादन करिब तीन सय ९४ मेट्रिकटन रहेको सरकारी तथ्यांक रहेको छ । सोही आर्थिक वर्षमा नेपालले रु १३ करोड चार लाख ४१ हजार मूल्य बराबरको ७७ मेट्रिकटन कफी निर्यात गर्दा रु ३२ करोड ५८ लाख ६६ हजार मूल्य बराबरको चार सय ५० मेट्रिकटन कफी आयात गरेको थियो । *रासस*

## ९४ करोडको उद्यान अलपत्र

■ जनार्दन उपाध्याय

**धनगढी–** 'पार्क बनाउने भनिएको ठाउँमा २ करोड ५२ लाख खर्च गरी निर्माण गरिएको वाल चर्किसक्यो, तारजाली र फलामे डन्डीमा पनि खिया लागेको छ,' स्थानीय प्रकाश थापाले भने ।

लम्कीचुहा नगरपालिकाले टेन्डर आह्वान गरी वाल निर्माण र जाली लगाउने काम गरे पनि त्यसपछि भने अन्य काम अघि बढाएको छैन । 'नगरपालिकाले टेन्डर गरेर काम अघि बढाएको थियो, अहिले के कारणले काम रोकियो त्यसको जिम्मेवारी सबै नगरपालिकाले लिएर यथाशीघ्र काम शुरू हुनुपर्छ । हामीले पनि यो विषयमा पूर्वमेयर महादेव बजगाईं र वर्तमान मेयर सुशीला शाहीसँग पटक-पटक छलफल गरेका छौं, गर्छौं भन्नुहुन्छ, गर्नुहुन्न,' सामुदायिक वनका अध्यक्ष बखतबहादुर विष्टले भने ।

नगरपालिकाको उदासीनताका कारण नगर उद्यान आयोजना अलपत्र परेको स्थानीयहरूको आरोप छ । 'निर्माण समितिको सचिव बनेर काम अघि बढाएको थिएँ । जति राम्रो काम गर्दा पनि नगरपालिकाबाट प्रोत्साहन नपाएपछि मैले सचिव पदबाट राजीनामा दिएँ,' देवानन्द जैशीले भने । जैशीले थपे, 'पार्क बनेमा आन्तरिक र बाह्य पर्यटकको आकर्षण बढ्छ । हाम्रो लम्की क्षेत्रको प्रचारप्रसार हुन्छ । त्यहीँबाट नागरिकहरूलाई रोजगारी पनि सिर्जना हुन्छ । नगरपालिकाको राजस्व पनि बढ्छ । नगरपालिकाले प्राथमिकतामा राखेर यथाशीघ्र पार्क निर्माण गर्नुपर्छ ।' पूर्व नगरप्रमुख महादेव बजगाईंको टीमले रूख काट्ने अनुमति नलिई काम अघि बढाएकाले अहिले समस्या देखिएको लम्कीचुहा नगरपालिकाकी मेयर सुशीला शाहीले बताइन् ।



'पार्क निर्माण कार्य अघि बढेको क्षेत्र सामुदायिक वन हो । त्यहाँ रूखहरू छन् । काम अघि बढाउनका लागि रूख काट्नुपर्छ, तर वनले रूख कटानको अनुमति दिएको छैन,' मेयर शाहीले भनिन् । ९४ करोड लागत रहेको मोहनलाल नगर उद्यान निर्माणका लागि ७० प्रतिशत केन्द्र सरकार र ३० प्रतिशत लम्कीचुहा नगरपालिकाले व्यहोर्ने गरी सम्झौता गरिएको छ ।

प्रकृतिलाई असर नपर्ने गरी पार्क निर्माण गर्ने भनिएकोमा करिब ५५ रूख काट्नैपर्ने देखिएको छ । तर, रूख काट्ने अनुमति वन कार्यालयले दिएको छैन । 'हामीले नियमितरूपमा काम गर्न सक्ने अवस्था रहेन, यसमा वन बाधक देखियो । नरोकिएको भए हालसम्म ६० प्रतिशत काम सम्पन्न हुने थियो । अहिले हामी निर्माण कार्य शुरू गर्नका लागि आन्तरिक तयारीमा छौं,' निमित्त प्रशासकीय प्रमुख माधव जैशीले भने ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ